# द्वन्द्व पीडितहरुको न्यायमाथि पहुँच र संक्रमणकाल : छलफल पत्र

राजकुमार सिवाकोटी, महासचिव, मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)

## १. सन्दर्भ/पृष्ठभूमी

जनआन्दोलन-२ द्वारा निर्माण भएको सातदलको सरकार र नेकपा (माओवादी)बीच कार्तिक २१, २०६३ मा ऐतिहासिक समझदारी सम्पन्न भयो । यो समझदारी पश्चात मुलुकले शान्ति र लोकतन्त्रका लागि माओवादीलाई मूलधारमा ल्याउने निश्चित प्रायः छ । द्वन्द्व र राजाको सक्रिय शासनबाट गुज्रिएको नेपालका लागि यो ऐतिहासिक समझदारी राज्य पुर्नसंरचनाको सवालमा छलाङ्ग मार्ने अवसर हो । संक्रमणकालीन न्याय, दीगो शान्ति र समावेशी लोकतन्त्रको सवलीकरण हालको प्रमुख एजेण्डा हो ।

हामी प्रजातन्त्र र शान्तिको पुनर्स्थापना वा त्यसतर्फको संक्रमणका स्थितिमा छौं । यो संक्रमणको स्थिति भनेको सशस्त्र संघर्षको अन्त्य गर्दै लोकतन्त्र र शान्ति वहाली गर्ने सहमति वा शान्ति वार्ताको अवसर हो । यस्ता सहमति र वार्ताहरु राष्ट्रिय आन्दोलनको परिधिभित्र विभिन्न स्वरुपमा सम्पन्न हुन्छन् । जसले कर्ता वा पक्षहरुबीच दण्डहीनता र मानवअधिकार उल्लंघनका घटनाको पुनरावृत्ति नहुने प्रत्याभूति दिलाउँछन् । यसो गर्नु भनेको विगतमा भएका ज्याजती र मानवअधिकार उल्लंघनका विरुद्ध कदम चाल्नु हो ।

संक्रमणका साथसाथै हामीले विगतको द्वन्द्वबाट भएका पीडितहरुको प्रमाणीकरण, तिनको न्यायमाथि पहुँच र संक्रमणकालीन न्यायका मुद्दाहरुलाई प्रमुख प्राथमिकताका साथ संवोधन गर्नुपर्ने हुन्छ । विगतमा द्वन्द्वले पुऱ्याएको पीडा र अन्यायलाई न्याय प्रक्रियाभित्र समेट्न नसकिएसम्म शान्ति र समावेशी लोकतन्त्रका लागि गरिने असल कार्यहरु निराशाजनक नै हुनेछन् । यद्यपि, युद्धले क्षतविक्षत भएको समाजलाई सहयोग गर्नु, कानुनी राज्यको पुनर्स्थापना गर्नु र विगतमा ठूलामात्रामा भएका अत्याचारहरुसँगै पहिलाकै अवस्थामा आउनु कठिन कार्य हो । माओवादी जनयुद्धका कारण घट्दो सुरक्षा र त्रसित तथा विभाजित जनसंख्याका र पीडितहरुको अवस्था डरलाग्दो छ । यस्तो संक्रमणको स्थितिलाई संवोधन गर्नका लागि धेरै कुराहरुको अभावहरुप्रति ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । निश्चयनै संक्रमणकालमा सुधारका लागि राजनीतिक इच्छाको अभाव, न्याय क्षेत्रमा संस्थागत स्वाधिनताको अभाव, घरेलु प्राविधिक क्षमताको अभाव, साधन एवं आर्थिक स्रोतहरुको अभाव, सरकारमा जनविश्वासको अभाव, मानवअधिकारप्रति विधिवत सम्मानको अभाव, र अझ सामान्यरुपमा भन्दा शान्ति तथा सुरक्षाको अभाव रहन्छ । यी मुख्य कमीहरुलाई संवोधन गर्नका लागि चालिने प्रयासहरु संक्रमणकालीन न्यायका पूर्व सर्त हुन् । यद्यपि, संक्रमणकालीन न्यायमा, युद्धले विक्षिप्त एवं द्वन्द्वपश्चातका समाजहरुमा द्वन्द्व पीडितहरुको प्रमाणिकरण र न्याय माथिको पहुँचलाई विशेष प्राथमिकतामा राखिनु पर्छ ।

## २. पीडितको उपचार र संक्रमणकालीन न्यायका आधारभूत सिद्धान्तहरु

वर्तमान नेपालले राजनैतिक रुपान्तरण र संक्रमणकालीन न्यायका दुबै पाटाहरुलाई सामना गरिरहेको छ । यस स्थितिमा हामीले "संक्रमणकालीन न्याय र न्यायमाथिको पहुँच, द्वन्द्व पीडितहरुको प्रमाणिकरण, पीडितहरुका अधिकार र क्षतिपूर्ति तथा शोधभर्नाहरुलाई स्पष्टरुपमा बुझ्नु पर्ने हुन्छ । किनभने यी विषयवस्तुहरु भनेको समाज रुपान्तरण र विगतको पीडालाई विर्साउने आधार हुन् । वास्तवमा नै द्वन्द्वपश्चातको समाजको पुननिर्माणका लागि संक्रमणकालीन न्यायको व्यवस्थापन अनिवार्य पनि छ । जसले नयाँ समाजका लागि मानवअधिकारलाई बढावा दिन, त्रास र दरिद्रताबाट व्यक्तिको रक्षा गर्न, आर्थिक विकासलाई प्रोत्साहित गर्न, जवाफदेही शासनको प्रवर्द्धन गर्न र द्वन्द्वको शान्तिपूर्ण तरिकाले समाधान गर्न सहयोग पुऱ्याउँदछन् । र यसले हाम्रा लक्ष्यहरु परिभाषित गर्ने र विधिहरु निर्धारण गर्न मद्दत गर्दछ । संक्रमणकालीन अवस्थामा प्रभावकारीरुपले काम गर्नका लागि मुख्य आयामहरुमा एउटा

सभ्का  समभ्दारी हुन आवश्यक छ । यो संक्रमणकालीन न्यायको स्थितिमा पीडितहरुको रक्षाको लागि आधारभूत सवाल हुन् ।

### २.१. अन्तर्राष्ट्रिय कानुन अन्तर्गत गम्भीर अपराध, उल्लंघन,  र पीडित

अन्तर्राष्ट्रिय कानुन अन्तर्गत गम्भीर अपराध भन्नाले १२ अगष्ट १९४९ को जेनेभा महासन्धि तथा सोको १९७७ को अतिरिक्त प्रलेख तथा अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका अन्तर्राष्ट्रिय मानवीय कानुनका उल्लंघन जस्तै नरसंहार, मानवता विरुद्धको अपराध एवं अन्तर्राष्ट्रिय कानुनले अन्तर्राष्ट्रिय स्तरमा संरक्षण गरिएका मानव अधिकारको उल्लंघन र ती अपराधहरु जसलाई राज्यहरुले दण्डीत गर्नुपर्छ भनेर अन्तर्राष्ट्रिय कानुनले तोकेको छ । जस्तै : हत्या, वेपत्ता, यातना, शारीरिक दण्ड, अङ्गभङ्ग, व्यक्तिगत सम्मानविरुद्धको अत्याचार र अपमानजनक व्यवहार, अपहरण, सामूहिक दण्ड, नियमित पुर्पक्षविना नै सजाय, क्रूर व्यवहार, व्यक्तिलाई बन्धक बनाउनु, आधारभूत मानवीय श्रोतमा अवरोध पुऱ्याउने कार्यहरु, बारुदी सुरुङ्ग र धराप, बलात्कार,  विद्यालयमाथिको सैनिक लक्ष्य, बालबालिका र बालसैन्यको प्रयोग, आन्तरिक विस्थापन, धम्की, डर त्रासका कारण पलायन हुन बाध्य पारिनु जस्ता कार्यहरु हुन । यस्ता कार्यहरुलाई अन्तर्राष्ट्रिय मानवीय कानुनले निषेध गरेको छ र यी कार्यहरु अन्तर्राष्ट्रिय कानुन अन्तर्गत मानवअधिकार उल्लंघनका गम्भीर अपराध हुन् ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनका गम्भीर उल्लंघनहरुका पीडितहरु भन्नाले यी दुबै कानुनहरुको व्यापक उल्लंघन हुने कार्य वा अकार्यहरु मार्फत उनीहरुको आधारभूत अधिकारहरुको सारभूत क्षति वा आर्थिक नोक्सानी, भावनात्मक दर्द, शारीरिक वा मानसिक चोटलगायतका वैयक्तिक वा सामुहिकरुपले सताईएर हानी पुगेका व्यक्तिहरु पर्दछन् । 'पीडित' शब्दले स्वयं पीडित, निजको परिवार वा प्रत्यक्षरुपमा पीडितमाथि निर्भर रहने आश्रितहरु र पीडितलाई सहयोग पुऱ्याउने क्रममा दिक्क भएर थाकेका, आदि व्यक्तिलाई समेट्दछ ।

### २.२. अन्तर्राष्ट्रिय कानुन उल्लंघनको अपराध र राज्यको दायित्व

अन्तर्राष्ट्रिय कानुन उल्लंघनको गम्भीर अपराधहरुको सन्दर्भमा राज्यले निश्चित उत्तरदायित्वलाई वहन गर्नुपर्छ । अपराधमा संलग्न व्यक्तिहरुमाथि छानविन गर्ने, अनुसन्धान, जाँच पड्ताल गर्ने, आरोपित व्यक्तिलाई अभियोजन चलाउने, त्यस्ता उल्लंघनहरुप्रति उत्तरदायीत्व वहन गराउनु पर्ने, दोषी पाइएमा सजाय दिलाउने आदि राज्यका दायित्वहरु हुन् । त्यसैगरी राज्यले मानवअधिकार उल्लंघनका अपराधमा संलग्न व्यक्तिहरुलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय न्यायिक अंगहरु समक्ष अनिवार्यरुपमा उपस्थित गराई न्यायिक दायराभित्र ल्याउनु पर्छ । संक्रमणकालीन अवस्थामा मानवअधिकार उल्लंघन अपराधप्रति राज्यको दायित्व अभ्ध बढी रहन्छ । किनभने द्वन्द्वलाई शान्तिमा रुपान्तरण वा राजनैतिक रुपान्तरणससँग सँगै समाजले पीडितको हकमा न्याय र दोषीको हकमा कानुनी कार्वाहीको अपेक्षा गरेको हुन्छ ।

राज्यले यी लक्ष्यहरु प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय कानुनी दायित्वहरुलाई पुरा गर्नुपर्छ । सो अनुरुप घरेलु कानुनमा अन्तर्राष्ट्रिय प्रावधानहरुलाई समावेश गर्नुपर्छ र प्रभावकारी राष्ट्रिय संयन्त्रहरुको तर्जुमा गरी संक्रमणकालीन न्यायको व्यवस्थापन गर्नुपर्छ । अन्तर्राष्ट्रिय कानुनी मापदण्डहरुसँग सँगती राख्ने गरी पीडितका अधिकारहरुको संरक्षण गर्नेलगायत न्यायिक सहयोग र न्यायका लागि सहयोगका अन्य तरिकाहरु उपलब्ध गराउनुपर्छ ।

## २.३. संक्रमणकालीन न्याय

“न्याय” अधिकारहरुको स्थापना र संरक्षण गर्ने, गलतलाई सजाय गर्ने, जवाफदेहीता र निश्पक्षताको एक आदर्श हो । न्यायले अभियुक्तको अधिकारको सम्मान, पीडितको हित र वृहतरुपमा समाजको भलाईलाई संकेत गर्दछ । न्याय प्रशासनले सामान्यतयाः औपचारिक न्यायिक संयन्त्रहरुलाई जनाउँदछ र परम्परागत विवाद समाधानका संयन्त्रहरु पनि यसमा उत्तिकै सान्दर्भिक हुन्छन् । अन्तर्राष्ट्रिय समुदायले आधा शताब्दी भन्दा बढी समयदेखि न्याय प्रशासनका लागि सारभूत र कार्यविधिगत (शर्तहरु)लाई एकत्रित गर्न समग्र रुपमा काम गरी आएको छ । न्याय समाजको निरन्तर प्रक्रिया हो । यो सामान्य परिस्थितिमा चलिरहन्छ । तर यस भन्दा पृथक “संक्रमणकालीन न्याय” विशिष्ट परिस्थितिको उपज हो । यसलाई विशेष किसिमबाट नै व्यवस्थापन गरिनु पर्दछ र न्यायिक संयन्त्रहरुको पनि विशिष्ट किसिमले नै तर्जुमा गरिनुपर्दछ ।

विषेशगरी संक्रमणकालीन न्यायको सूचीमा द्वन्द्वबाट पीडित भएकाहरुको प्रमाणिकरण, दीगो जिविका, न्यायमाथिको पहुँच, पुनःस्थापन, क्षतिपूर्ति वा सोधभर्ना र गम्भीररुपमा मानवअधिकार अपराधमा संलग्न व्यक्तिहरुलाई न्याय प्रक्रियाभित्र ल्याउने कार्यहरु पर्दछन् । “संक्रमणकालीन न्याय”को अवधारणाले जवाफदेहीता सुनिश्चित गर्न, न्याय प्रदान गर्न र मेलमिलाप गराउनका लागि विगतमा ठूलो मात्रामा भएका कानुनका उल्लंघनहरुलाई विधिको दायरामा ल्याउँदछ । यसले शान्ति, कानुनको शासन र समुन्नत लोकतन्त्रको सवलीकरणका लागि खाका प्रदान गर्दछ । यी सबै कार्यका लागि राज्यले अवलम्बन गर्ने प्रक्रिया र संयन्त्रहरु प्रभावकारी हुनुपर्दछ । यस्ता प्रक्रिया र संयन्त्रहरुभित्र अन्तर्राष्ट्रिय संलग्नता सहित वा रहितको न्यायिक एवं अर्ध न्यायिक दुवै संयन्त्रहरु, व्यक्तिगत छानवीन प्रक्रिया, संस्थागत सुधार र खारेजी वा यी सबैको संयोजन हुनुपर्दछ ।

सामान्य तथा नियमित अदालत र ट्रिवुनालहरुबाट प्राप्त हुने न्याय भन्दा संक्रमणकालीन न्याय व्यापक छ । त्यसैले संक्रमणकालीन न्यायको प्रत्याभूतिका लागि विशेष अदालतहरुको व्यवस्थापन हुन आवश्यक छ । किनभने द्वन्द्वपश्चातको वातावरणमा धेरै चुनौतिहरु रहन्छन् । अर्कोतर्फ, जवाफदेहीताको अनुसरण, सत्यखोज तथा सोधभर्ना (Reparation) शान्ति कायम गरिराख्ने एवं प्रजातन्त्र र कानुनी राज्यको निर्माणलगायतका लक्ष्यहरुबीच सन्तुलन कायम राख्न अपरिहार्य हुन्छ । यसका लागि आम साझेदारहरुबीच साझा दृष्टिकोणको आवश्यकता पर्छ । राजनैतिक प्रतिवद्धता विना यी सबै कार्यहरु संभव हुँदैनन् । त्यसैले एउटा वृहत् खालको राजनैतिक रणनीति बनाएर द्वन्द्वबाट अति प्रभावित समूहहरुको हेरविचार गर्नुपर्ने हुन्छ । साथै न्यायिक एवं मेलमिलापको प्रक्रियामार्फत पीडितहरुको संरक्षण एवं समस्याहरु निवारण गर्नका लागि विशेष उपायहरु स्थापित गर्नुपर्छ । जहाँ संक्रमणकालीन न्यायको आवश्यकता हुन्छ, त्यहाँ व्यक्तिगत अभियोजनहरुलाई एकीकृत ध्यान दिने, सोधभर्नाहरु, सत्य खोजी गर्ने, संस्थागत सुधारजस्ता पक्षहरुमा संयोजन गरिनुपर्छ ।

## २.४. न्यायमाथि पहुँच

सामान्यतया संक्रमणकालीन अवस्थामा “न्यायमाथिको पहुँच” भन्नाले अन्तर्राष्ट्रिय मानवअधिकार वा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर एवं व्यापक उल्लंघनका पीडितहरुको अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भए अनुरुप प्रभावकारी न्यायिक उपचारमा समान पहुँचको प्रत्याभूतिको स्थिति हो । यस अर्न्तगत पीडितलाई उपलब्ध हुने अन्य प्रशासकीय उपचारका साथै घरेलु कानुनअनुरुप सञ्चालित भएका संयन्त्र र सुनुवाई (Proceeding) मा पहुँच पनि पर्दछ । न्यायमा पहुँच तथा न्यायपूर्ण र निष्पक्ष सुनुवाईको अधिकारको प्रत्याभूति अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका दायित्वहरु घरेलु कानुनमा प्रतिविम्वित भएमात्र सम्भव छ । जस्तो वर्तमान नेपालको संक्रमणकालीन अवस्था न्यायमाथिको पहुँचलाई सुनिश्चित गर्ने राज्यले तत्काल निम्न कदमहरु चाल्नुपर्ने हुन्छ ।

क) अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनबाट पीडित भएका व्यक्तिहरुको लागि उपलब्ध भएका सम्पूर्ण उपचारहरुका बारेमा सार्वजनिक तथा निजी संरचनाहरुमार्फत जानकारी प्रदान गर्नुपर्छ,

ख) पीडित, तिनका परिवार र प्रतिनिधिहरुलाई पर्ने असुविधा कम गर्दै, डर तथा भयरहित अवस्थामा न्यायिक सुनुवाईहरु गर्ने प्रवन्ध मिलाउनु पर्छ । सुनुवाईको अवधी र त्यस पश्चात समेत उनीहरुको सुरक्षाको सुनिश्चिता हुनुपर्छ । र उपयुक्तरुपमा उनीहरुको गोपनियतामाथि गैरकानुनी हस्तक्षेपका विरुद्ध संरक्षण दिलाउने उपायहरु अपनाउनु पर्छ ।

ग) न्यायमा पहुँच खोज्ने पीडितहरुलाई उचित सहायता उपलब्ध गराउनु पर्छ ।

घ) अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनबाट भएका पीडितहरुले यसका विरुद्ध उपचारका अधिकारहरुको अभ्यास गर्न सक्ने वातावरणको सुनिश्चित गर्न सबै उपयुक्त कानुनी अवसर उपलब्ध गराउनु पर्दछ ।

यसका अतिरिक्त, राज्यले पीडितहरुले क्षतिपूर्ति तथा शोधभर्नाका दावीहरु प्रस्तुत गर्न र सो को प्राप्तिका लागि अनुमति दिने संयन्त्र एवं कार्यविधिको विकास गर्नुपर्छ । अन्तराष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनहरुमा पर्याप्त, प्रभावकारी र शीघ्र उपचार भित्र सम्पूर्ण उपलब्ध र उपयुक्त सबै अन्तर्राष्ट्रिय प्रक्रियाहरु पर्दछन् । जसमा व्यक्तिको कानुनी हकदैया रहन्छ र घरेलु उपचारका प्रावधानहरु पूर्वाग्रही हुन हुँदैन ।

फौजदारी न्यायका सन्दर्भमा मानवअधिकार तथा मानवीय कानुनको उल्लंघनमा राज्यले तुरुन्त, सर्वाङ्ग, स्वायत्त र निष्पक्ष छानविन गर्न प्रभावकारी कदम चाल्नुपर्छ । मानवअधिकार अपराधमा संलग्न राज्य तथा गैर राज्य पक्षका दोषीहरुलाई अभियोग लगाउने, पुर्पक्ष गर्ने र दण्डीत गरिन्छ भन्ने सुनिश्चितता दिलाउनु पर्छ । छानविन एवं मुद्दा चलाउने निर्णय राज्यमा निहितरहेता पनि पीडित नागरिकले वा तिनका परिवार र उत्तराधिकारीले व्यक्तिगतरुपमा पनि मुद्दा चलाउन पाउनुपर्छ । न्यायमाथि पहुँचको सन्दर्भमा रहेका यी सैद्धान्तिक प्रावधानहरु हुन् । सिद्धान्त आफैंमा समाधान वा प्रत्याभूतिको स्थिति होइन । केवल यो मार्गनिर्देशक मात्र हो । यिनै मार्गनिर्देशकहरुका आधारमा पीडितहरुका न्यायमाथिको पहुँचका लागि सरकारी तथा गैरसरकारी पक्षबाट प्रभावकारी कार्यान्वयनका कदमहरु चालिनुपर्छ ।

## २.५. पीडितका अधिकार

संक्रमणकालमा विशेषगरी मानवअधिकार र पीडितका  अधिरकारका मुद्दाहरु ओझेलमा पर्ने सम्भावना तिव्र रहन्छ । यी मुद्दाहरुको सम्बन्ध पूर्व अवस्थाका राजनीति र विद्रोहीका क्रियाकलापहरुसँग रहेको हुन्छ । र, यिनीहरु राजनीतिक रुपान्तरणका अगाडी गौण बन्न सक्दछन् ।[1] यस्तो स्थितिमा पीडितहरुको अधिकारको रक्षा गर्नेतर्फ राज्य सचेत रहनुपर्छ । किनभने राजनीतिक रुपान्तरणसँग सँगै पीडितहरुले गम्भीर अपराधहरुको बारे सत्य-तथ्य थाहा पाउने, न्याय पाउने, गम्भीर किसिमका अपराधका आशंकीत सुत्रधारहरुको फौजदारी क्षेत्राधिकारबाट अभियोजन र पुर्पक्ष गराई पाउने; क्षति नोक्सानीको पर्याप्त राहत प्राप्त गर्ने; प्रशासकिय निकायहरुमा पहुँच प्राप्त गर्ने अधिकारहरुको कार्यान्वयनको उच्चतहमा अपेक्षा गरिएको हुन्छ । र यी अधिकारहरुलाई अक्षरस द्वन्द्व पछिको समाजको पुनःनिर्माणका लागि कार्यान्वयन गरिनु पर्दछ । राज्यले राजनैतिक रुपान्तरण वा शान्ति प्रक्रियाका सन्दर्भमा यी अधिकारहरुलाई वेवास्ता गर्न पाउँदैन ।

त्यसैगरी पीडितहरुको उपचारको अधिकारलाई विशेषरुपले प्रत्याभूत गरिनुपर्छ । अन्तराष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लंघनहरुमा अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भए बमोजिम पीडितले उपचार पाउने मुख्य अधिकार हुन् :-

क) समान र प्रभावकारी न्यायमा पहुँच,

ख) पुगेको क्षतिको पर्याप्त, प्रभावकारी र शीघ्र शोधभर्ना,

ग) उल्लंघन र क्षतिपूर्ति तथा शोधभर्नाका सम्बन्धमा चासो राख्ने संयन्त्रहरुको बारे जानकारीमा पहुँच

**२.६. सोध भर्ना/क्षतिपूर्ति**

द्वन्द्व रुपान्तरणसँगसँगै द्वन्द्व पीडितहरुलाई शोधभर्ना तथा क्षतिपूर्ति प्रदान गरिनु पर्दछ । अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लंघनहरुमा क्षतिपूर्ति प्रदान गरेर न्याय प्रवर्द्धन गर्न एक पर्याप्त, प्रभावकारी र शीघ्र शोधभर्नाको उद्देश्य राखिएको हुन्छ । त्यस्तो शोधभर्ना पुगेको हानी नोक्सानीको गहनतासँग समानुपातिक हुनुपर्दछ । घरेलु कानुन र अन्तर्राष्ट्रिय दायित्वहरु अनुरुप राज्य आरोपित हुनसक्ने अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुनको गम्भीर उल्लंघनका पीडितलाई राज्यले शोध भर्ना उपलब्ध गराउनुपर्छ । राज्यले पीडितलाई शोध भर्ना र अन्य सहयोगका लागि राष्ट्रिय कार्यक्रमहरुको स्थापना गर्ने प्रयत्न गर्नुपर्छ । क्षतिपूर्ति तथा शोधभर्नाका लागि न्यायिक कदमहरु सञ्चालन गर्नुपर्छ । र न्यायिक निकायबाट भएका क्षतिपूर्ति सम्बन्धी फैसलाहरुको कार्यान्वयन गर्नुपर्छ । द्वन्द्वको क्रममा मानवअधिकार उल्लंघनका घटनाबाट पीडित भएकालाई उपलब्ध गराउने शोधभर्ना किसिमहरु निम्न छन्-

**'पुनर्प्राप्ती'** पुनर्प्राप्ति भनेको पहिलेको मौलिक अवस्थामा नै पुनस्थापन हुनु हो । पुनस्थापनभित्र उपयुक्त तरीकाले स्वतन्त्रताको पुनर्प्राप्ती, मानवअधिकारको उपयोग, पहिचान, पारिवारिक जीवन र नागरिकता, निजकै वासस्थान भएको ठाउँमा फिर्ता, रोजगारीको पुनर्स्थापना र सम्पत्ति फिर्ता पर्दछन् ।

**'क्षतिपूर्ति'** आर्थिकरुपमा मूल्यांकन गर्न सकिने क्षति जुन अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लंघनहरुबाट भएको हुन्छ । त्यस्ता घटनाको परिस्थिति र उल्लंघनको गाम्भिर्यताको सामानुपातिक हुने गरी र उपयुक्त किसिमले क्षतिपूर्ति उपलब्ध गराइनु पर्छ । त्यस्ता क्षतिपूर्तिहरु हुन्- शारीरिक वा मानसीक क्षति, रोजगारी, शिक्षा तथा सामाजिक लाभ लगायतका गुमेका अवसरहरु, गुजाराको भौतिक श्रोतमा क्षति, नैतिक क्षति र कानुनी वा विशेषज्ञको सहयोग, औषधी उपचार सेवाहरु र मनोवैज्ञानिक एवं सामाजिक सेवाहरुका लागि लागेको लागत ।

**'पुनर्वास'** अन्तर्गत उपचार तथा मनोवैज्ञानीक हेरविचारका साथसाथै कानुनी तथा सामाजिक सेवाहरु पर्दछन् ।

**'सन्तुष्टी'** मानवअधिकार उल्लंघन पुन नदोहोरिने र विगतका घटनाको सत्यतथ्यको सार्वजनिकरण सन्तुष्टिको प्रस्थान विन्दु हो । जहाँ वेपत्ता पारिएकाहरुको खोजी, अपहरित बालबालिकाको पहिचान, मारिएकाहरुको शव प्राप्ती, र मारिएकाहरुको अन्त्यष्टी गर्ने पीडित परिवारको इच्छा आदि कार्यहरु सन्तुष्टी दिलाउने आधार हुन । यसका अतिरिक्त, पीडित तथा पीडितसँग निकट सम्बन्ध राख्ने व्यक्तिहरुको प्रतिष्ठा, इज्जत र अधिकारहरु पुनस्थापना भएको औपचारिक घोषणा वा न्यायिक निर्णय, तथ्यहरुको स्वीकारोक्ति एवं उत्तरदायित्व लिने सहितको सार्वजनिक क्षमायाचना, उल्लंघनहरुमा उत्तरदायि व्यक्तिहरुका विरुद्ध न्यायिक तथा प्रशासकीय सजायजस्ता कार्य सन्तुष्टीका लागि चालिने कदम हुन् ।

**'फेरी नदोहोरिने प्रत्याभूति'** मानवअधिकार उल्लंघन तथा हिंसा नदोहोरिने प्रत्याभूतिले शोधभर्ना वा क्षतिपूर्ति दिलाउन भूमिका खेल्छ । यो स्थायी रोकथामको उपाय पनि हो । यसका निम्ति सैनिक र सुरक्षा निकायहरुमा नागरिक प्रशासनको प्रभावकारी नियन्त्रण हुनुपर्छ । न्यायलयको सवलीकरण, कानुनहरुको संसोधन, प्रभावकारी संयन्त्रहरुको स्थापनालगायत उचित प्रकृया, न्यायपूर्ण र निशपक्षताका

अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सम्पूर्ण नागरिकका मानवअधिकारको प्रत्याभूति दिलाउने बाचाद्वारा फेरी नदोहोरिने प्रत्याभूति दिन सकिन्छ ।

व्यापक मानवअधिकार उल्लंघन भईरहेको अवस्थामा राज्यको दायित्व अपराधीका विरुद्ध मात्र कार्य गर्नु नभई शोधभर्नालगायतका प्रावधानहरु मार्फत पीडितको पक्षमा काम गर्नु हो । राज्यले पीडितलाई शोधभर्ना उपलब्ध गराउने कार्यक्रमहरुका लागि ट्रिवुनाल तथा सत्य आयोगहरुको Truth Commissions गठन अपरिहार्य छ । जसको सहयोगमा ठोस उपचार उपलब्ध गराउन, मेलमिलाप प्रवर्द्धन गर्न, पीडितहरुको विश्वास पुनस्थापना गर्न सजिलो हुन्छ । शोधभर्नाहरु कहिलेकाँही गैर मौद्रिक किसिमका हुन्छन् । जस्तो पीडितहरुको कानुनी अधिकारको पुनर्स्थापना, पीडितका लागि पुनर्वासका कार्यक्रहरु तथा प्रतिकात्मक उपायहरु । उदाहरुणका लागि औपचारिकरुपमा क्षमा माग्ने स्मारक एवं स्मरण समारोहहरु । गुमेको सम्पत्तिको पुनःस्थापन हुन नसकेको अवस्थामा उचित क्षतिपूर्ति प्रदान गरेर द्वन्द्व पश्चातको समाजमा  शोधभर्ना उपलब्ध गराउनु पर्छ । शोधभर्नाका लागि कार्यक्रमहरु सञ्चालन गर्दा चुनौतिहरु आउँन सक्छन् । क्षतिपूर्ति तथा शोधभर्ना प्रदान गरिंदा पीडितहरुमध्ये कसलाई समावेस गर्ने, कति क्षतिपूर्ति दिइने, कस्ता किसिमका नोक्सानीहरुलाई समेट्ने, कति नोक्सानी गणना गर्ने, विभिन्न प्रकारका क्षतिहरुबीच कसरी तुलना गर्ने एवं क्षतिपूर्ति दिइने र क्षतिपूर्ति कसरी वितरित गर्ने भन्नेजस्ता असजिला पश्नहरु आउँदछन् ।

शोधभर्नाको एउटा मात्र नमुनाले पीडितहरुलाई सन्तुष्टी दिलाउन संभव छैन । फौजदारी ट्रिवुनाल र सत्य आयोगहरुको कार्वाही पनि शोधभर्नाका लागि आवश्यक हुन्छ । शोधभर्नाका कार्यक्रमहरु, संक्रमणकालीन न्यायको प्रत्याभूति र न्याय तथा शान्ति परिपूरक छन् । यी मध्ये कुनै एकको अभावमा द्वन्द्वपश्चातको समाजको पुनःनिर्माण असम्भब छ । साथै उल्लंघन र शोधभर्ना दिने संरचनाहरु मात्र भएर पुग्दैन त्यसमा जानकारीको पहुँच पनि प्रदान गरिनुपर्छ । द्वन्द्व पीडितहरुको अधिकार संरक्षण र सम्बर्द्धनका लागि चालिएका कदमहरु भेदभाव रहीत हुनुपर्दछ ।

**३. द्वन्द्वपश्चातको समाजमा कानुनी राज्य र संक्रमणकालीन न्यायको सवलीकरण**

द्वन्द्व रुपान्तरणको र शान्तिको स्थापनासँगसँगै कानुनी राज्य र संक्रमणकालीन न्यायको सवलीकरण प्रमुख मुद्दा बन्ने गर्दछ । जुन कुराको अनुभूति हामीलाई समकालीन विश्वमा द्वन्द्वग्रस्त मुलुकहरुको इतिहासल दिलाएको छ । द्वन्द्वपश्चातको समाजमा कानुनी राज्य र संक्रमणकालीन न्यायको सवलीकरणका लागि अन्तर्राष्ट्रिय मूल्य र मान्यताहरुमा आधारित सहयोगको आवश्यकता पर्छ ।

यसमा संयुक्त राष्ट्र संघीय शान्ति कार्यक्रमहरुको भूमिकाको उल्लेखनिय योगदान रहन्छ । तथापि राष्ट्रिय आवश्यकता र क्षमताहरुको विशेष मूल्यांकन गरी नयाँ रणनीतिहरुको तर्जुमा गर्नुपर्ने हुन्छ । जसले गर्दा घरेलु सुधारका क्षेत्रहरुमा सहयोगको आवश्यकतालाई यकिन गर्न सजिलो हुने गर्दछ । अर्कोतर्फ सशस्त्र द्वन्द्व तथा विद्रोहीले वैधानिकता प्राप्त गर्ने स्थिति रहन्छ । त्यसैले राजनीतिक सन्दर्भलाई मान्यता प्रदान नगरेसम्म संक्रमणकालीन न्यायको सवलीकरण असम्भव हुन्छ । जसले गर्दा कानुनी राज्य तथा संक्रमणकालीन न्यायको व्यवस्थापनका लागि सबै साझेदारहरुबीच एकीकृत, परिपूरक र साझा दृष्टिकोणको आवश्यकता पर्छ । यस्ता दृष्टिकोणहरुलाई राज्य तथा विद्रोही दुबै पक्षले इमान्दारीका साथ अवलम्बन र कार्यान्वयन गर्नुपर्छ । यसो गर्न सकियो भने संक्रमणकालमा हुने कानुनी राज्यको शून्यताको अन्त्य गर्न सकिन्छ । जसले गर्दा प्रभावकारीरुपमा राष्ट्रिय न्याय प्रणालीको विकास हुन्छ । र संक्रमणकालीन न्याय सहज र सरल हुन्छ ।

**४. द्वन्द्व पीडितहरुका लागि भएका प्रयास**

सशस्त्र द्वन्द्वको सुरुवातसँगसँगै विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय निकायहरुले द्वन्द्व पीडितहरुको अधिकार रक्षाका लागि ठोस कामहरु गर्दै आएका छन् । कुटनैतिक माध्यमबाट नेपालको शान्ति, मानवअधिकारको संरक्षण र संवर्द्धन तथा प्रजातन्त्रको सवलीकरणकालागि प्रयासहरु पनि हुँदै आएको छ । खासगरी द्वन्द्व पीडितहरुको हकमा संयुक्त राष्ट्रसंघिय मानवअधिकारको उच्चआयुक्तको कार्यलय नेपाल, रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसि), एम्नेस्टी इन्टरनेशनललगायतले उच्चतहमा आवाज उठाएका छन् । घरेलु तहमा राष्ट्रिय मानवअधिकार आयोग, नेपाल वार एसोशिएसन, मानवअधिकार संघ-संस्थाहरु तथा सञ्चार माध्यमले मानवअधिकार रक्षा र पीडितको न्यायका लागि ठूलो जोखिमताका साथ कार्य गर्दै आएका छन् । यद्यपि, यी सबै प्रयासहरु द्वन्द्वको समयमा भएका थिए । द्वन्द्वको नै समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संघ-संस्थाहरुले अन्तर्राष्ट्रि मानवअधिकार तथा मानवीय कानुनको उल्लंघनबाट पीडित भएका व्यक्तिहरुको पक्षमा चालेका कदमहरु संक्रमणकालीन न्यायका लागि प्रयाप्त नहुन सक्छन् । तर यी कदमहरु न्यायलाई व्यवस्थापन गर्दै पीडितहरुको रक्षा तथा न्यायमाथिको पहुँचलाई सुनिश्चित गर्ने आधारशिला भने पक्कै हुन् । यी विगतमा भएका प्रयासहरुले न्यायका निम्ति उल्लेखनिय योगदान दिन सक्छन् जस्तो मानवअधिकार संघ-संस्थाहरुले मानवअधिकार उल्लंघनका घटना तथा पीडितहरुको बारेमा तयार गरेका तथ्याङ्क तथा दस्तावेजहरुलाई भविश्यसम्म सदुपयोग गर्न सकिन्छ ।

### ५. पीडितहरुका न्यायका लागि चालिनुपर्ने कदमहरु

संक्रमणकालको सामना गर्दै हामीले पीडितहरुको न्यायका लागि तत्कालै विशेष कदमहरु चाल्नु पर्छ । किनभने संक्रमणले थप्ने चुनौतिसँगसँगै विगतमा भएका मानवअधिकार उल्लंघनका घटनाका कारण पीडित भएकाहरुको हकमा न्यायका विषयवस्तुहरु ओझेलमा पर्ने सम्भावना रहन्छ । सशस्त्र द्वन्द्वको क्रममा गम्भीर मानवअधिकार उल्लंघन अपराधबाट पीडित भएका व्यक्तिहरुको न्याय, न्यायमाथि पहुँच र न्यायको प्रत्याभूतिका निम्ति हामीले तत्कालै निम्न कदमहरु चाल्नुपर्ने हुन्छ ।

### ५.१. राष्ट्रिय नीति एवं विशेष ऐनको तर्जुमा

विगत ११ वर्षसम्म सञ्चालित द्वन्द्वका कारणले पीडित बन्न पुगेकाहरुलाई न्यायको प्रत्याभूति दिलाउन विशेष नीति एवं ऐनको तर्जुमा गरिनु पर्छ । त्यस्ता नीतिहरुले पीडितहरुको जिवीका, क्षतिपूर्ति, शोधभर्ना, पुनःस्थापनलगायतका विषयवस्तुलाई स्पष्टरुपमा सम्वोधन गर्न सक्नुपर्छ । त्यसैगरी पीडितहरुलाई न्याय दिलाउने र पीडकहरुलाई न्यायको प्रक्रियाभित्र ल्याउने एक प्रभावकारी ऐनको तर्जुमा गर्नुपर्छ, जसले मानवअधिकार अपराधहरु अक्षम्य छन् भन्ने कुराको सुनिश्चितता गर्न सकोस ।

### ५.२. सत्यको उजागर, प्रमाणिकरण र पहिचान

द्वन्द्वको समयमा पुग्न गएको मानवीय तथा भौतिक क्षतिको सत्यतथ्य उजागर हुनुपर्छ । यसका लागि सत्यछानविन आयोगको गठन गरिनुपर्छ । साथै द्वन्द्वका क्रममा भएका पीडितहरुको प्रमाणिकरण गरिनु पर्छ । अर्कोतर्फ द्वन्द्वको वहानामा सरकारी तथा विद्रोही पक्षबाट मानवअधिकार उल्लंघन तथा मानवता विरुद्ध अपराधमा संलग्न व्यक्ति तथा पीडकहरु को थिए भन्ने कुराको पहिचान गरिनु पर्छ ।

### ५.३. विशेष अदालतको गठन

द्वन्द्वमा परेका पीडित र पीडकहरुलाई विशेष किसिमले न्याय प्रक्रियाभित्र ल्याउनु पर्ने हुँदा विशेष अदालतको गठन गरिनुपर्छ ।

### ५.४. वैकल्पिक तथा मानवअधिकार रक्षकले खेल्न सक्ने भूमिका

- माथि १ दखि ३ सम्मका कदमहरु चाल्न दवाव दिने ।

- पीडितहरुको खोजी, तथ्य संकलन गरी नियमित अदालतमा नै भए पनि मुद्दाको दायरी र न्याय तथा कार्वाहीका लागि वहस पैरवी गर्ने ।
- दीगो जीविकाका लागि टेवा दिने आयआर्जनका शीपमूलक तालिमहरु सञ्चालन गर्ने

**६. निश्कर्ष**

वर्तमान नेपाल संक्रमण र राजनैतिक रुपान्तरणको स्थितिमा छ । सातपार्टी र विद्रोही पक्षबीच विभिन्न चरणमा भएका शान्ति शिखर वार्ताहरुले सशस्त्र द्वन्द्वलाई अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । शान्ति र बहुलवादी लोकतन्त्रको वहालीका साथ मुलुकले अग्रगामी छलाङ्ग मार्दै छ । यसो भएतापनि विगतमा मानवअधिकार उल्लंघन अपराध गर्ने सरकारी तथा विद्रोही पक्षले आफ्नो दायित्वबाट उन्मुक्ति पाउनु हुँदैन । मानवअधिकार उल्लंघन अपराधका जिम्मेवारहरुलाई कानुनी तथा न्यायको दायरा भित्र ल्याइनु पर्छ । पीडितहरुलाई न्याय उपलब्ध गराइनु पर्छ ।

पीडितहरुको प्रतिष्ठाको सम्मान र उनिहरुले न्यायमाथि पहुँच राख्ने अधिकारलाई उपयोग गर्न पाउनुपर्छ । राजनैतिक सहमति, रुपान्तरण र शान्तिको वहानामा मानवअधिकार अपराधलाई नजरअन्दाज गर्नु मानवअधिकार र न्यायका विपरित छ ।

अन्त्यमा, विज्ञहरुसँग छलफलका निम्न एजेण्डाहरु प्रस्तुत गरिएको छ :-

१. द्वन्द्व पीडितहरुको न्यायलाई सुनिश्चित गरी न्यायमाथि पहुँच स्थापना गर्न के कस्ता रणनीतिहरुलाई अवलम्बन गर्न सकिन्छ ?
२. द्वन्द्व पीडितहरुलाई न्याय प्रदान गर्न र न्यायमाथि पहुँच स्थापना गर्नका लागि के कस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिन्छ ?
३. द्वन्द्व पीडितहरुको न्यायका लागि गैरसरकारी क्षेत्रबाट के योगदान दिन सकिन्छ ?

*प्रस्तुत छलफल पत्र २३ अगस्त २००४ को संयुक्त राष्ट्रसंघीय महासचिवको प्रतिवेदन "द्वन्द्व र द्वन्द्वपश्चातका समाजमा कानुनी राज्य र संक्रकणकालीन न्याय", महासभाको प्रस्ताव नं. ६०/१४७ को "अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको व्यापक उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका पीडितहरुको लागि उपचार तथा शोधभर्नाका अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मार्ग निर्देशन", आर्थिक तथा सामाजिक परिषद्को कार्यसूचीको प्रकार- १७ अन्तर्गत "दण्डहीनता विरुद्ध लड्ने कार्यमार्फत मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने सिद्धान्तको अद्यावधिक फेहरिस्त" र फोरिडको कार्यअनुभवमा आधारित रही तयार गरिएको हो । कार्यपत्र तयारी तथा प्रस्तुति– राजकुमार सिवाकोटी, महासचिव, मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) ।*